बैठक मिति : २०७७/०५/३०

बैठक संख्या : ७

छलफल तथा निर्णय

१. संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरुले दिगो विकास लक्ष्यहरुको कार्यान्वयनका सन्दर्भमा "कोही नछुटुन्, कोही पछि नपरुन्" (**Leaving No One Behind**) अवधारणालाई अवलम्बन गर्ने प्रतिवद्धता गरे अनुरुप नेपालको सन्दर्भमा समेत उक्त अवधारणालाई कार्यान्वयन गर्न '**Leaving No One** Behind Framework' तयार गर्ने सम्बन्धी आयोगमा प्रस्तुत अवधारणा-पत्र बैठकमा प्राप्त पृष्ठपोषण समावेश गर्ने गरी स्वीकृत गर्ने। उक्त अवधारणा-पत्र बमोजिम माननीय सदस्य श्री मीनबहादुर शाहीको संयोजनमा सुशासन तथा सामाजिक विकास महाशाखाले आवश्यक कार्यसंपादन गर्ने।

२. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट आयोगको राय/सुझावका लागि प्राप्त 'एकीकृत सामाजिक सुरक्षा नीति, २०७६' को मस्यौदा प्रतिवेदन सम्बन्धमा अनुसन्धान तथा मूल्याङ्कन महाशाखाबाट प्रस्तुत राय सुझावमा आयोगको बैठकबाट प्राप्त सुझाव समेत समावेश गरी पठाउने।

३. आयोगले तयार गरेको 'एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना २०७७' को मस्यौदा प्रतिवेदन सम्बन्धमा आयोगको बैठकबाट प्राप्त सुझाव समेत समावेश गरी परिमार्जित प्रतिवेदन नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गर्ने।

४. 'कोभिड-१९ ले वैदेशिक रोजगारीमा पारेको प्रत्यक्ष असरका कारण नेपालको अर्थतन्त्रमा परेको असर र प्रभाव सम्बन्धी सुझाव सहितको अध्ययन प्रतिवेदन' को मस्यौदा सम्बन्धमा आयोगको बैठकबाट प्राप्त सुझाव समेत समावेश गरी परिमार्जित प्रतिवेदन स्वीकृत गर्ने।

५. महालेखापरीक्षकको कार्यालयको वार्षिक कार्यक्रम, २०७६ अनुरुप "सामाजिक सुरक्षा कार्यक्रमको अवस्था" विषयक कार्यमूलक लेखापरीक्षणको अन्तिम प्रतिवेदन सम्बन्धमा बैठकमा प्रस्तुति एवम् छलफल भयो। उल्लिखित प्रतिवेदनले दिएका सुझावहरुलाई विषयक्षेत्र हेर्नुहुने माननीय सदस्यको संयोजनमा अनुसन्धान तथा मूल्याङ्कन महाशाखाले सम्बन्धित नीति, योजना तथा कार्यक्रमहरुमा समावेश गर्ने/गर्न लगाउने।